बैठक संख्याः २ (आ.व.०८२/८३)

सम्वत् २०८२ साल मंसिर २ गते, ने.सं. ११४६, मंगलबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी श्री राजेश पन्थीको अध्यक्षतामा देहायका सरोकारवालाहरूको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), रसुवाको बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो।

विशेष उपस्थितिः

श्री अशोक कुमार घिमिरे — प्रमुख — जिल्ला समन्वय समिति, रसुवा

उपस्थितिः

जिल्ला समितिः

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री राजेश पन्थी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | अध्यक्ष |
| | श्री बिजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति, रसुवा | सदस्य |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री बुचुङ तामाङ | अध्यक्ष | आमाछोदिङ्मो गाउँपालिका, रसुवा | सदस्य |
| | श्री माधव प्रसाद अर्याल | अध्यक्ष | उत्तरगया गाउँपालिका, रसुवा | सदस्य |
| | श्री हरिकृष्ण देवकोटा | अध्यक्ष | कालिका गाउँपालिका, रसुवा | सदस्य |
| | श्री नुर्वु स्याङ्वो घले | अध्यक्ष | नौकुण्ड गाउँपालिका, रसुवा | सदस्य |
| | श्री श्याम कुमार शाह | वरिष्ठ संरक्षण अधिकृत | लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा | सदस्य |
| | श्री यादवराज पौडेल | सेनानी | श्री श्रीनाथ गण, ब्राबल ब्यारेक, रसुवा | सदस्य |
| | श्री हेम बहादुर शाही | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा | सदस्य |
| | श्री विष्णु पोखरेल | स.प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. , रसुवा | सदस्य |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन
रसुवा

## जिल्ला समिति:

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री मदन पौडेल | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा | सदस्य |
| | श्री शम्भु तामाङ | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय, रसुवा | सदस्य |
| | श्री दिपशिखा आले | शाखा अधिकृत | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| | श्री डा. निरञ्जन अधिकारी | मेडिकल अधिकृत | रसुवा अस्पताल, रसुवा | सदस्य |
| | श्री पेम्वा छिरिङ तामाङ | सभापति | नेपाली काँग्रेस, रसुवा | सदस्य |
| | श्री | | ने.क.पा.(एमाले), रसुवा | सदस्य |
| | श्री गणेश बि.क. | प्रतिनिधि | नेपाली कम्युनिष्ट पार्टी, रसुवा | सदस्य |
| | श्री | | राष्ट्रिय स्वतन्त्र पार्टी, रसुवा | सदस्य |
| | ई.सुवास बाँनिया | सव-डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास स.डि.का., रसुवा | सदस्य |
| | ई.रविन महर्जन | कार्यालय प्रमुख | पूर्वाधार विकास कार्यालय, रसुवा | सदस्य |
| | श्री झम प्रसाद आचार्य (योगेन्द्र अर्याल) | कार्यालय प्रमुख (प्रतिनिधि) | जनस्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| | ई.कुमार बिक्रम पराजुली | ईन्जिनियर | गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट | सदस्य |
| | ई. गुञ्जमान तामाङ प्रतिनिधि अनिल भट्टराई | कार्यालय प्रमुख प्रशासन प्रमुख | ने.वि.प्रा., रसुवा वितरण केन्द्र, रसुवा | सदस्य |
| | श्री नारायणराज श्रेष्ठ | कार्यालय प्रमुख | नेपाल टेलिकम, रसुवा | सदस्य |
| | श्री बाबुलाल तामाङ | सभापति | नेपाल रेडक्रस सोसाइटी, रसुवा जिल्ला शाखा | सदस्य |
| | श्री केशव प्रसाद पौडेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ, रसुवा | सदस्य |
| | श्री हेमनाथ खतिवडा | अध्यक्ष | गैरसरकारी महासंघ, रसुवा | सदस्य |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

जिल्ला समिति:

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय | पद |
|---|---|---|---|---|
| | श्री सुकसाङ तामाङ | अध्यक्ष | उद्योग वाणिज्य महासंघ, रसुवा | सदस्य |
| | श्री सन्जिव अमात्य | अध्यक्ष | रसुवा चेम्बर अफ कमर्श | सदस्य |
| | श्री ध्रुव प्रसाद अधिकारी | स.प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य सचिव |

अन्य उपस्थिति:

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री चमेली गुरुङ | उपाध्यक्ष | उत्तरगया गाउँपालिका, रसुवा |
| | श्री चन्द्र बहादुर गलान | उपाध्यक्ष | नौकुण्ड गाउँपालिका, रसुवा |
| | श्री मिरा तामाङ | उपाध्यक्ष | कालिका गाउँपालिका, रसुवा |
| | श्री होमनाथ दाहाल | प्र.प्र.अ | उत्तरगया गाउँपालिका, रसुवा |
| | श्री दुतेन्द्र चाम्लिङ | प्रमुख प्रशासकीय अधिकृत | गोसाईकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री विकाश शर्मा रिजाल | प्रमुख प्रशासकीय अधिकृत | आमाछोदिङ्मो गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री भुवन ढुंगाना | विपद् फोकल पर्सन | कालिका गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री बलराम न्यौपाने | विपद् फोकल पर्सन | उत्तरगया गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री पूर्ण बुलुन | अधिकृतस्तर | नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री अच्युतम लाल कर्ण | सहायक कम्प्युटर अधिकृत | नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय |
| | श्री ज्ञानेन्द्र न्यौपाने लेकाली | वरिष्ठ पत्रकार सम्वाददाता | राष्ट्रिय समाचार समिति |
| | श्री बलराम घिमिरे | सम्वाददाता | लाङटाङ पोष्ट |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

अन्य उपस्थितिः

| हस्ताक्षर | नाम, थर | पद | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री गीता न्यौपाने | सचिव | लाङटाङ रेडियो ९०.३ मे.ह. |
| | श्री सरस्वती न्यौपाने | सम्वाददाता | त्रिशुली प्रवाह |
| | श्री गंगा मिजार | सम्वाददाता | रेडियो रसुवा |
| | श्री बिजया तिवारी | विपद् जोखिम व्यवस्थापन अधिकृत | आत्मनिर्भर परियोजना (CSRC) |
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | खिल ब. न्यौपाने | जि.स.स | [illegible] |
| | विदुर तमाङ | प्रहरी सहायक हवल्दार | जिल्ला ट्राफिक प्रहरी कार्यालय, रसुवा |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरू:

१. हिमपातबाट हुने जोखिम न्यूनीकरण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, २०८२ प्रस्तुतीकरण भई कार्ययोजना उपर प्राप्त सरोकारवाला निकायहरूको सुझाव बमोजिम संशोधन गरी अनुमोदन गरियो।

२. गोसाईकुण्ड गाउँ कार्यपालिका, स्याफ्रुवेशको चं.नं. ६४० मिति २०८२।०७।३० गतेको पत्रबाट उठान भई आएको विषयमा स्याफ्रुवेशी बजारको पूर्वतर्फ पहिरो गई भोटेकोशी नदीको प्रभाह आंशिक रुपमा थुनिएको र भविष्यमा त्यस्तो प्रकृतिको पहिरो दोहोरिन सक्ने जोखिम देखिएको तत्काल नदीको प्रवाहलाई गोसाईकुण्ड गाउँपालिका र लाङटाङ भोटेकोशी जलविद्युत आयोजना तथा अन्य उपलब्ध निकायहरूको समन्वयमा बैकल्पिक मार्ग निर्माण गरी उपलब्ध हेभी इक्युपमेन्ट (स्काभेटर, डोजर लगायत) को प्रयोग मार्फत नदीको प्रवाहलाई नियमित गर्ने र पहिरोको दीर्घकालिन व्यवस्थापनका लागि जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंमा अनुरोध गर्ने।

३. पूर्वाधार विकास कार्यालय, रसुवाको च.नं. ७९ मिति २०८२।०७।२३ गतेको पत्रबाट आमाछोदिङमो गाउँपालिका अन्तर्गतको गोल्जुङ-गत्लाङ-सोमदाङ सडकको थाम्बुचेत बजार माथिको खण्डमा बर्षातमा आएको बाढीले क्षति पुऱ्याइएको र हालको ठेक्काबाट कार्यसम्पन्न गर्न नसकिने भनी लेखी आएकोले उक्त समस्या समाधानका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश, हेटौडामा अनुरोध गर्ने।

४. आमाछोदिङमो गाउँपालिका वडा नं. १ हाकुबेशीस्थित प्रहरी चौकी, हाकुवेशी पहिरोका कारण जोखिममा रहेको र उत्तरगया गाउँपालिका वडा नं. २ डाँडागाउँस्थित प्रहरी चौकी जीर्ण एवम् नाजुक अवस्थामा रहेको हुँदा प्रहरी चौकीहरूको निर्माण, मर्मत सम्भार तथा स्तरोन्तीका लागि जिल्ला प्रहरी कार्यालय, रसुवाको बजेट अख्तियारीको अपर्याप्त रहेको अवस्थामा उक्त कार्यालयको अनुरोधमा तत् गाउँपालिकालाई आवश्यक सहजीकरण गर्न अनुरोध गर्ने।

५. कालिका गाउँपालिका र आमाछोदिङमो गाउँपालिकाका निम्न क्षेत्रहरूमा मानवीय बस्तीहरू जोखिममा रहेको हुँदा मर्मत सम्भारका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, भौतिक पूर्वाधार विकास मन्त्रालय, बागमती प्रदेश हेटौडामा अनुरोध गर्ने:

निम्न:

| क्र.सं. | पहिरो नियन्त्रण तथा वस्ती संरक्षण सम्बन्धी कार्य | स्थान |
|---|---|---|
| १ | रुप्से जोखिम बस्ती संरक्षण | कालिका गा.पा. ४,५ |
| २ | चित्रेपानी बस्ती संरक्षण तथा पहिरो नियन्त्रण | कालिका गा.पा. २ |
| ३ | त्रिशुली नदी किनारमा तटबन्धन निर्माण | कालिका गा.पा. १ |
| ४ | गोम्बा डाँडा घरबस्ती संरक्षण | कालिका गा.पा. २ |
| ५ | चिप्लेटि बस्ती संरक्षण | कालिका गा.पा. ५ |
| ६ | बास्तला घरबस्ती संरक्षण | कालिका गा.पा. २ |
| ७ | पाखिन टोल घरबस्ती संरक्षण | कालिका गा.पा. २ |
| ८ | डिखेत घरबस्ती संरक्षण | कालिका गा.पा. ३ |
| ९ | पाजुङ घरबस्ती संरक्षण | आमाछोदिङमो गा.पा. ५ |

६. रसुवा जिल्लाका विभिन्न स्थान तथा बस्तीहरू पहिरोजन्य विपद्को उच्च जोखिममा रहेको र जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, रसुवाको विनियोजित वजेट तथा स्टक तारजालीले विपद् प्रतिकार्य र पूर्वतयारीका लागि अपर्याप्त हुने देखिएकोले जिल्लाको भौगोलिक विकटता, जटिलता एवम् विपद्जन्य जोखिमलाई मध्यनजर गरी प्रर्याप्त तारजाली व्यवस्थापनका लागि जलस्रोत तथा सिंचाई विकास सव-डिभिजन कार्यालय, रसुवा मार्फत कार्यान्वयन हुने गरी बागमती प्रदेश सरकार खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, हेटौडामा अनुरोध गर्ने।

७. गोसाईकुण्ड गाउँपालिका वडा नं. ४ लाङटाङ क्षेत्रमा मिति २०८२।०७।१६ गते हिमपहिरो गई लाङटाङ उपत्यकाको मानवबस्तीमा सामान्य क्षति पुगेको र विगतका दिनहरूमा समेत उक्त क्षेत्रमा हिमपहिरो गई ठूलो मानवीय तथा भौतिक क्षति भएको हुँदा आगामी दिनहरुमा सो क्षेत्रहरूमा यस्ता प्रकृतिका विपद्जन्य घटनाहरूको जोखिमको वैज्ञानिक रुपमा अध्ययन तथा विश्लेषण गरी कार्ययोजना तर्जुमा गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबारमा अनुरोध गर्ने।

८. पासाङल्हामु राजमार्ग सडकखण्डका विभिन्न स्थानहरूमा भएका खाल्डाखुल्डी क्षतिग्रस्त भएका नालीहरूको यथाशीघ्र मर्मत तथा सरसफाईको साथै उक्त सडकखण्डका विभिन्न स्थानहरुमा प्रयोग भएका ग्याबिन जालीहरूको Life Expectancy को प्राविधिक पक्ष अध्ययन गरी जोखिमपूर्ण स्थानमा डिभिजन सडक, नुवाकोटले यथाशीघ्र पुर्नस्थापना गर्ने।

९. वन डढेलो नियन्त्रण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना डिभिजन वन कार्यालय, रसुवाले १० दिन भित्र तयार गरी कार्यान्वयन गर्ने।

१०. पासाङल्हामु राजमार्ग अन्तर्गतका ग्राङ, भार्खु सडकखण्डमा भीर क्षेत्र रहेको कारण सवारी दुर्घटनाको जोखिमलाई मध्यनजर गरी सडक किनारामा फलामको रेलिङबार निर्माणका लागि डिभिजन सडक, नुवाकोटलाई अनुरोध गर्ने।

# हिमपातबाट हुने जोखिम न्यूनीकरण सम्बन्धी जिल्लास्तरीय कार्ययोजना, २०८२ रसुवा

मिति २०८२ मंसिर ०२ गतेको *DDMC* को बैठकबाट स्वीकृत

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला स्थित हिमपातबाट प्रभावित घरधुरी तथा क्षेत्र गाउँ/टोलका आर्थिक विपन्न तथा विपन्न घर परिवारको पहिचान गरी परिवारको लगत संकलन गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह (सबै) | मंसिर महिना भित्र | - | लगत संकलन भएको हुने। |
| २. | जिल्ला आपतकालिन कार्यसञ्चालनको स्रोतसाधन तथा जनशक्तिको अधावधिक गर्ने। | जिल्ला प्रशासन कार्यालय | - | निरन्तर | - | अधावधिक भएको हुने। |
| ३. | जिल्ला विपद व्यवस्थापन कोष अद्यावधिक तथा थप वजेट प्रबन्ध गरी तयारी अवस्थामा राख्ने। | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश | मंसिर मसान्त | - | कोषमा रकम प्रबन्ध भएको हुने। |
| ४. | जिल्ला विपद गोदाम घरको सामग्री अद्यावधिक गरी लगत राख्ने, खोज तथा उद्धारका सामग्रीहरू तयारी अवस्थामा राख्ने। | जिल्ला प्रशासन कार्यालय | सुरक्षा निकाय(सबै), रसुवा | निरन्तर | - | अधावधिक भएको हुने। |
| ५. | जिल्ला भित्रका पालिकाहरूमा हाल सञ्चालनमा रहेका र सञ्चालन हुन सक्ने हेलिप्याडहरूको *GR* सहितको लगत अधावधिक गर्ने। | श्रीनाथ गण, ब्राबल ब्यारेक | • जिल्ला प्रहरी कार्यालय<br>सशस्त्र प्रहरी बल नेपाल २० नं. गुल्म् हे.क्वा. | - | - | लगत संकलन गरी अधावधिक भएको हुने। |
| ६. | स्थानीयस्तरमा विपद् कोष अधावधिक गर्ने र उपलव्ध विपद् खोज तथा उद्वार गर्न सक्ने जनशक्तिको रोष्टर बनाई तयारी अवस्थामा राख्ने। | स्थानीय विपद् व्यवस्थापन समिति | श्रीनाथ गण, ब्राबल ब्यारेक<br>जिल्ला प्रहरी कार्यालय | मंसिर चौथो हप्ता | - | कोष अधावधिक तथा रोष्टर तयार भएको हुने। |
| ७. | जिल्लास्तरमा खोज तथा उद्वार सम्वन्धी तालिम प्राप्त कम्तीमा पनि ५० जना जनशक्ति QRT को रुपमा तयारी अवस्थामा राख्ने। | सुरक्षा निकाय (सबै) | • सम्बन्धित स्थानीय तह<br>नेपाल रेडक्रस सोसाईटी | मंसिर चौथो हप्ता | - | जनशक्ति तयारी अवस्थामा राख्ने। |
| ८. | हिमपहिरो खोज तथा उद्वारमा लाग्ने सामग्रीहरू खरीद गरी कम्तीमा १० जना जनशक्ति तयारी | • जिल्ला विपद व्यवस्थापन समिति<br>• स्थानीय तह (सबै) | गृह मन्त्रालय | मंसिर मसान्त भित्र | ५००,०००/- | खरिद भई तयारी अवस्थामा मौज्दात हुने। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| | अवस्थामा राख्ने (ड्रोन क्यामेरा, Avalanche cord, Mountain Dress, Tampons, Snow Gloves, Snow Goggles', Harness, Ice Axe, Piton Hammer, Folding Shovels, Avalanche Air Bag, Spine Board Stretcher। | • नेपाल रेडक्रस सोसाईटी | | | | |
| ९. | चिसोमा जोखिममा रहेका घरपरिवारका लागि हिमपातको समयावधिमा न्यानो कपडा , तातो सुप, सिरक डसना जस्ता सामग्री वितरण गर्न समन्वय गर्ने। | - जिल्ला विपद् व्यवस्थापन समिति<br>**समन्वय**<br>• जिल्ला प्रशासन कार्यालय<br>• स्थानीय तह (सबै)<br>नेपाल रेडक्रस सोसाईटी | • सुरक्षा निकायहरू<br>• जिल्ला स्थित गैरसरकारी संस्थाहरू | निरन्तर | ५००,०००/- | सामग्री वितरण भएको हुने। |
| १०. | जिल्लामा हिमपातको कारण हुन सक्ने सडकहरूको अवरोध तत्काल हटाउने। | सुरक्षा निकाय(सबै) रसुवा | - गाउँपालिका (सबै) रसुवा वडा कार्यालयहरू (सबै) | निरन्तर | - | तत्काल अवरोध हटेको हुने। |
| ११. | जाडोका लागि आवश्यक पर्ने काठ दाउरा समयमै उपलब्ध गराउने गरी आवश्यक व्यवस्थापन गर्ने। | • लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा<br>• डिभिजन वन कार्यालय | स्थानीय तह (सबै) | निरन्तर | - | व्यवस्थापन भएको हुने। |
| १२. | जिल्ला स्थित सबै गाउँपालिका अन्तर्गत वडास्तरमा हिमपात/चिसोबाट बच्नको लागि समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने। | जिल्ला प्रहरी कार्यालय | स्थानीय तह(सबै) | निरन्तर | - | कार्यक्रम सञ्चालन भएको हुने। |
| १३. | स्वास्थ्यकर्मी तथा औषधीहरू पर्याप्त मात्रामा राख्ने र द्रुत प्रतिकार्य समूहमा परिचालन गर्ने गरी तयारी अवस्थामा राख्ने। | जनस्वास्थ्य कार्यालय | • रसुवा अस्पताल,<br>• जिल्ला जनस्वास्थ्य कार्यालय,<br>स्थास्थ्य शाखा, सबै (स्थानीय तह) | निरन्तर | - | तयारी अवस्थामा राखिएको हुने। |
| १४. | हिमपात तथा चिसोबाट सुरक्षित रहन सम्भावित आगलागी तथा निसासिने समस्याबाट बच्न सचेतना मूलक तथा सन्देशमूलक सूचना स्थानीय तहबाट प्रशारण गर्ने। | • स्थानीय तह (सबै), डिभिजन वन कार्यालय | • सुरक्षा निकाय (सबै), सञ्चारकर्मी | निरन्तर | - | जनचेतना भएको हुने। |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

| क्र.सं. | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुमानित बजेट | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|---|
| १५. | हिमपात, चिसो तथा शीतलहरबाट हुनसक्ने कृषिबाली र पशुपंछीको क्षतिलाई न्यूनीकरण गर्न आवश्यक औषधी उपचार तथा यसबाट बच्ने उपाय सम्बन्धमा सन्देशमूलक सूचना प्रचार प्रसारको व्यवस्था मिलाउने। | • स्थानीय तह (सबै),<br>• कृषि ज्ञान केन्द्र नुवाकोट भेटेनरी तथा पशु सेवा विज्ञ केन्द्र, नुवाकोट | सञ्चारकर्मी | निरन्तर | | जनचेतना भएको हुने। |
| १६. | हिमपात, चिसो तथा शितलहर प्रभावित जिल्लाहरूमा संचालन गर्ने कार्यक्रमको बारेमा सूचना संकलन गरी विपद् व्यवस्थापन समितिलाई नियमित पूर्व जानकारी गराउने। | • सुरक्षा निकाय (सबै), नेपाल रेडक्रस सोसाईटी | स्थानीय तह (सबै) | निरन्तर | | नियमित जानकारी भएको हुने। |
| १७. | हिमपात कुहिरो तथा हुस्सुबाट सडक दुर्घटना हुन सक्ने जोखिमयुक्त/सम्भावित सडकमा सांकेतिक चिन्हहरू तथा सूचनामूलक सन्देशहरू राख्ने। | डिभिजन सडक, नुवाकोट | स्थानीय तह (सबै) | मंसिर मसान्तभित्र | | सांकेतिक चिन्हहरू व्यवस्था भएको हुने। |
| १८. | आपतकालिन अवस्थामा आश्रयस्थलहरू आवश्यक हुने हुँदा हरेक वडामा पर्याप्त मात्रामा आश्रय स्थल पहिचान गर्ने। | स्थानीय तह (सबै) | • सुरक्षा निकाय (सबै) नेपाल रेडक्रस सोसाईटी | मंसिर मसान्तभित्र | | आश्रयस्थल पहिचान भएको हुने। |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

प्रमुख जिल्ला अधिकारी